नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोनः ९८५१२८६७७०
०१-५३१९०४४

Email: cyberbureau@nepalpolice.gov.np

भोटाहिटी, काठमाडौं

मितिः २०८१-१२-२८ गते।
ने.सं. ११४५

# प्रेस विज्ञप्ति

## सामाजिक सञ्जाल मार्फत युवतीको चरित्रहत्या गर्ने व्यक्ति पक्राउ।

सामाजिक सञ्जाल मार्फत चिनजान भई प्रेम सम्बन्धमा रहेका पीडित युवतीले आफ्नो प्रेमीलाई पठाएको गोप्य भिडियो सम्बन्ध छुटेपछि प्रेमीको साथीले दुरुपयोग गरी पैसा माग्ने, आपत्तिजनक शब्दहरू प्रयोग गरी शारीरिक सम्बन्ध राख्न बोलाउने र नआएमा उक्त भिडियो सामाजिक सञ्जालमा राखी भाइरल गरिदिन्छु भनी पीडित युवतीलाई मानसिक तनाव दिई हैरानी दिने तथा अमर्यादित कार्य गर्ने गरेको सम्बन्धमा आवश्यक कारबाही गरी पाउँ भनि यस ब्यूरोमा पीडितले निवेदन दिनु भएको।

सो सम्बन्धमा प्राविधिक विश्लेषण सहितको अनुसन्धान गर्ने क्रममा, उक्त कार्य गर्ने व्यक्ति जिल्ला ललितपुर, ललितपुर महानगरपालिका वडा नम्बर ४ शान्तपुर्व मार्ग बस्ने वर्ष २४ को आयुष अधिकारी खुल्न आएको हुँदा निजलाई विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा मिति २०८१।१२।२६ गते पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतबाट दिन चार (४) म्याद थप भई आवश्यक अनुसन्धान कार्य भइरहेको।

उप-निर्देशक
(दिपक राज अवस्थी)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं.९८५१२८६७७२